आज मिति २०७७ साल आश्विन २४ गते सनिवार का दिन विहान ११ बजे देखि यस मनहरी गाउँपालिकाको कार्यपालिका बैठक गा.पा. अध्यक्ष श्री एकराज उप्रेतीज्यूको अध्यक्षतामा निम्ज पदाधिकारीहरुको उपस्थिति सहित वसी देहाय अनुसारको निर्णय गरी सम्पन्न भयो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | श्री एकराज उप्रेती | गा.पा अध्यक्ष | अध्यक्ष |
| २. | श्री मनिला विष्ट | गा.पा. उपाध्यक्ष | उपाध्यक्ष |
| ३. | श्री आनन्द घलान | २ नं.वडा अध्यक्ष | सदस्य |
| ४. | श्री गोपिराम मोक्तान | ६ नं.वडा अध्यक्ष | सदस्य |
| ५. | श्री ठाकुरराम तिटुङ | ७ नं.वडा अध्यक्ष | सदस्य |
| ६. | श्री दिलबहादुर स्याङतान | ८ नं.वडा अध्यक्ष | सदस्य |
| ७. | श्री ध्रुव खड्का | ४ नं.वडा अध्यक्ष | सदस्य |
| ८. | श्री विष्णु थिङ | ३ नं.का.बा.वडा अध्यक्ष | सदस्य |
| ९. | श्री साधुराम अधिकारी | ९ नं.वडा अध्यक्ष | सदस्य |
| १०. | श्री शिव प्रसाद खनाल | १ नं.वडा अध्यक्ष | सदस्य |
| ११. | श्री शुभराज थिङ | ५ नं.वडा अध्यक्ष | सदस्य |
| १२. | श्री कृष्ण बिडारी | महिला सदस्य | सदस्य |
| १३. | श्री पम्फा रोक्का | महिला सदस्य | सदस्य |
| १४. | श्री राधादेवी खकुराल पाठक | महिला सदस्य | सदस्य |
| १५. | श्री राममाया प्रजा चेपाङ | महिला सदस्य | सदस्य |
| १६. | श्री गीता कुमारी प्रजा | दलित/अल्पसंख्यक सदस्य | सदस्य |
| १७. | श्री देवराज चौलागाई | प्रमुख प्रसाशकिय अधिकृत | सचिव |

आमन्त्रित/सहयोगी

| | | | |
|---|---|---|---|
| १. | श्री संगिता अधिकारी | लेखा अधिकृत | राजश्व आ.प्र.शाखा प्रमुख |
| २. | | | |

(१)

Scanned with CamScanner

प्रस्तावहरु

१. ५० सैयाको अस्पताल माग गर्ने सम्वन्धमा ।
२. पर्ति सार्वजनिक जग्गा संरक्षण र ब्यवस्थापन गर्ने सम्वन्धमा ।
३. सडक आवतजावत सहज वनाउने सम्वन्धमा ।
४. विद्युत विस्तार सम्वन्धमा ।
५. सोलार वत्ती जडान गर्ने सम्वन्धमा ।
६. सार्वजनिक शौचालय निर्माण सम्न्धमा ।
७. कोभिड अस्थायी अस्पतालमा जनशक्ति ब्यवस्थापन गर्ने सम्वन्धमा ।
८. स्वास्थ्य विमा र जनता आवास कार्यक्रम सम्वन्धमा ।
९. मदन भण्डारी रङशाला खेलमैदान निर्माणमा लागत सहभागिता सम्वन्धमा ।
१०.सामाजिक सुरक्षा भत्ता छानविन समितिको प्रतिवेदन सम्वन्धमा ।
११.वडा नं.७ को २५ विगाहा जमिनमा वस्ती विस्तार सम्वन्धमा ।
१२.नेपाल आयल निगमलाई जग्गा उपलब्धता सम्वन्धमा ।
१३.सिसि टिभी मर्मत सम्वन्धमा ।
१४.युवा संसद कार्यक्रम संचालन सम्वन्धमा
१५.सभाहल मर्मत खर्च सम्वन्धमा ।
१६.कार्यक्रम संचालनको स्वीकृति दिने सम्वन्धमा
१७.वडा नं. ४ को खानेपानी ठेक्का सम्वन्धमा ।
१८.कार्यालयको सेवा प्रवाह सम्वन्धमा ।
१९.ढुंगा गिट्टि वालुवाको कर संकलन कार्यलाई थप ब्यवस्थित गर्ने सम्वन्धमा ।
२०.जिसस संग लागत सहभागितामा क्याम्पस भवन निर्माण सम्वन्धमा ।
२१.रजैया चोकमा सवारी पार्किङ ब्यवस्थित गराउने सम्वन्धी ।
२२.करार कर्मचारी सम्वन्धमा ।
२३.आर्थिक विकास समिति पदाधिकारी चयन गर्ने सम्वन्धमा ।
२४.नगर प्रहरीको पदपुर्ति सम्वन्धमा ।
२५.सॉगु र ह्युम पाईप उपलब्ध गराउने सम्वन्धमा ।
२६.समावेसी बजेट परिचालनका लागि गैर सरकारी सस्था छनौट सम्वन्धमा ।
२७.आर्थिक सहयोग गर्ने सम्वन्धमा ।
२८.विविध विषयहरु
    क- जिन्सी सामान वितरण सम्वन्धमा ।
    ख- कोभिड खर्च भुक्तानी/अनुमोदन सम्वन्धमा
    ग- खर्च समर्थन सम्वन्धमा

निर्णयहरु

१. यस प्रस्ताव उपर छलफल गर्दा हेटौडा र भरतपुरको मध्य दुरीमा पर्ने मनहरी वडा न.७ स्थित ५ शैयाको मनहरी प्राथमिक अस्पतालले यस गाउँपालिका लगायत अति विपन्न



प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

चेपाङ समुदायको वाहुल्यता रहेका कैलास, राक्सीराङ गाउँपालिका र पुर्वि चितवनवासीहरु तथा पुर्वपश्चिम राजमार्गमा हुने सवारी दुर्घटनाहरुको सहज रुपमा उपचार सेवा प्रदान गर्न चुनौतिपुर्ण रुपमा विभिन्न कठिनाईका साथ काम गरीरहेको अवस्था छ ।

यस अस्पतालले पुर्वाधार र दक्ष जनशक्तिको अभावमा स्वास्थ्य सेवा थप प्रभावकारी रुपले प्रदान गर्न समस्या परिरहेकाले सो अस्पताललाई ५० शैयाको अस्पतालमा स्तरोन्नति गरी संचालनको अनुमति र ब्यवस्थापनमा सहयोगका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र सामाजिक विकास मन्त्रालय बागमती प्रदेशलाई अनुरोध गर्ने ।

२. यस प्रस्ताव उपर छलफल गर्दा वडा नं.६, ७, ८ र ९ लगायत अन्य वडाहरुमा समेत पर्ति सार्वजनिक जग्गाहरु संरक्षणको अभावमा विभिन्न ब्यक्तिहरुले अनाधिकृत रुपले अतिक्रमण गर्ने क्रम वढदो रुपमा देखिई संरक्षण र सदुपयोग हुन नसकेकाले गतः वर्ष पहिचान गरिएको झण्डै ६०० विगाहा जग्गाको अवस्था र वाँकि जग्गाहरुको पहिचान तथा उपयोगिता वारे गाउँपालिकाको सार्वजनिक पर्ति जग्गा संरक्षण समितिले अध्ययन गर्दै संरक्षण र संघीय सरकारको नीति वमोजिम उचित ब्यवस्थापन कार्यहरुलाई आगामी दिनहरुमा के कसरी अतिक्रमित हुनवाट जोगाई कृषियोग्य बाँझो जग्गाको अधिकम उपयोग गरी ब्यवसायीक रुपमा खेती गर्न सक्ने कृषक, सहकारी, कृषक समूह, कृषि फार्मलाई कषि ब्यवसायमा संलन गराई पालिकाको समग्र कषि उत्पादनमा वृद्दि गर्ने उद्येश्यमा दिगो प्रतिफल पाउने गरी सदुपयोग गर्न सकिन्छ भन्ने विषयमा स्थानीय वासी, सरोकारवाला निकायहरु, सर्वपक्षिय र सर्वदलिय संयन्त्र वनाई कार्ययोजना तयार गर्ने, सो जमिनमा अन्य उपयोगहरु जस्तै औधोगिक क्षेत्र स्थापना, वढदो सहरीकरण ब्यवस्थापन र भुमिहिन समस्या समाधान कार्यमा समेत सदुपयोग गर्न सकिने गरी दक्ष जनशक्ति र उपकरणहरु सहितको कार्यान्वयन कार्यतालिका पेश गरी संरक्षण समितिले आवश्यक प्रकृया अगाडी वढाउने ।

३. यस प्रस्ताव उपर छलफल गर्दा यस वर्षको वडादशै, भाईटिका जस्ता चाडपर्वहरु नजिक आईरहेको र पालिकाका विभिन्न स्थानहरुमा सर्वसाधारणहरुको आवतजावतको क्रम वढदो रुपमा देखिएकाले हालै भएको वर्षातका कारण विग्रीएर जोखिम युक्त भएका देहायका सडकहरु मर्मत सुधारका लागि भैपरी पुँजिगत शिर्षकवाट प्रति वडा दुई लाखमा नवढने गरी प्राविधिक लागत अनुमान बमोजिम सडकको मर्मत कार्य गराई आवागमनलाई सुचारु गर्न गाउँ कार्यपालिका कार्यालयलाई निर्देशन दिने ।

क. वेलडाँडा देखि गोगनपानी हुँदै मकरी चकरी सम्म वडा नं. १

ख. ठाडोखोला हुँदै भिमान सम्म वडा नं. २

ग. लामिटार देखि सिद्दकाली सम्म वडा नं. ३

घ. ट्वाँग्रा मसिने खोला हुँदै मुलखोला ज्यामिरे सडक वडा नं. ४

ङ. रुन्चेडाँडा दरदरा वसन्तपुर डिल्लीपुर सिखरवास सम्म वडा नं. ५

च. पोलाघारी लोथर फरिवाङ रुपाचुरी सडक वडा नं. ६

छ. मानेडाँडा रमौली सडक वडा नं. ७



प्रमुख प्रशासकीय अधिकृत

एकराज उपाध्याय
अध्यक्ष

प्रस्तावित कोभिड अस्पताल ब्यवस्थापनका लागि जि.स.स. वाट १२ र जिल्ला जनस्वास्थ कार्यालयवाट ८ वटा म्याट्रेस तथा अन्य सामानहरु प्राप्त भएकोमा ९०० वाटको ईन्भटर र १५० एम्पियरको ब्याट्रि एक सेट तथा १५ के.भी.ए.को स्टेपलाईजर दुई सेट नियमानुसार विपद् ब्यवस्थापन कोषवाट खरिद गरी उपलब्ध गराउने ।

८. यस प्रस्ताव उपर छलफल गर्दा चालु आ.ब.मा गरिने स्वास्थ्य विमा र जनता आवास कार्यक्रम संचालन गर्ने सम्वन्धमा स्वास्थ्य विमाका लागि कार्यालयले वडा कार्यालयहरुमा विवरण सहितको नावावली वडा कार्यालयहरुले पठाउने र जस्तापाता वितरण गरी खरको छाना विस्तापित गर्ने जनता आवास कार्यक्रम संचालनका लागि वडा कार्यालयहरुवाट आवश्यक विवरण वडा कार्यालयहरुले पठाउन पत्राचार गर्ने ।

९. यस प्रस्ताव उपर छलफल गर्दा मनहरी गाउँपालिकाको वडा नं. ७ मा गाउँपालिकाको संरक्षणमा रहेको करिव ३० विगाह जग्गामा निर्माणाधिन मदन भण्डारी रङशाला खेलमैदान युवा तथा खेलकुद मन्त्रालयले प्रस्ताव माग गरे अनुसार गाउँपालिकामा चालीस लाखलाई लागत सहभागितामा कायम गर्ने गरी स्वीकृत ड्रोईङ्ड डिजाईन र लागत अनुमान अनुसार थप वजेट सहित निर्माण कार्य कार्यान्वयनका लागि युवा तथा खेलकुद मन्त्रालयलाई अनुरोध गर्ने ।

१०.यस प्रस्ताव उपर छलफल गर्दा वडा नं. १ का वासिन्दा वेदमायाँ खनालले पाउनुपर्ने भन्दा वढि सामाजिक सुरक्षा भत्ता बुझेको विषयमा छानविन गरी प्रतिवेदन पेश गर्न यहि भाद्र २३ गते वसेको कार्यपालिका बैठकको निर्णयानुसार गठित छानविन समितिले दिएको प्रतिवेदन यस वैठकमा जानकारी भयो ।

सो सम्वन्धमा प्राप्त प्रतिवेदन अनुसार प्राप्त सुझावहरुलाई कार्यान्वयन गर्ने र छानविन समितिले सत्य तत्य प्रतिवेदन समयमै पेश गरेकोमा धन्यवाद दिने ।

११.यस प्रस्ताव उपर छलफल गर्दा मिति २०७७-०३-२५ गते वसेको गाउँसभाको निर्णयानुसार वडा नं. ७ स्थित पश्चिम बेलडाँडा कवुलियति वन, पुर्व बाटो, उत्तर तर्फ घोल र दक्षिण तर्फ ६ मिटर वाटोको चार किल्ला भित्रको करिव २५ विगाहा जग्गा वस्ती विकासको सिलसिलामा नापी कार्यालय मकवानपुरमा फिल्ड स्थितिका सम्वन्धमा पत्राचार गरीएकोमा सो कार्यालयको च.नं.६६ मिति २०७७-०५-१८ को प्राप्त पत्रानुसार फिल्ड भिडेको र कित्ता नम्वर उल्लेख नगरी खाली छाडिएकाले सो क्षेत्रमा नापी नक्सा गरी गाउँपालिकाको नाममा भोगाधिकार हुने गरी फिल्डवुकमा अभिलेख राख्ने प्रयोजन लगायतका कार्यहरु गर्न मालपोत कार्यालय मकवानपुरमा आवश्यक प्रकृयाका लागि अनुरोध गर्ने ।

१२.यस प्रस्ताव उपर छलफल गर्दा नेपाल आयल निगम लिमिटेडको च.नं. १०२२ मिति २०७७-०६-०९ को पत्र बैठकमा प्राप्त भई पेट्रोलियम पदार्थको विक्री वितरण प्रणालीलाई प्रविधिमैत्री वनाउन पम्प स्थापनाका लागि करिव १ विगाह जग्गा उपलब्ध गराईदिने



क्षेत्रराज चौलागाई
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

Scanned with CamScanner

ज. प्रणामी टोल हुँदै प्रजा टोल सम्मको सडक र वाहघरे हुँदै ढकाल डाँडा सम्मको सडक वडा नं. ९

४. यस गाउँपालिकाका कतिपय स्थानहरुमा विधुतको पहुँच पुग्न नसकेकाले नेपाल विधुत प्राधिकरण संगको सहकार्यमा पोल गाडी तार तान्ने र ट्रान्सफर्मर समेत जडान गर्ने क्रममा प्रयोग हुने अन्य सानातिना सामानहरुको अभावमा विधुतिकरण कार्यमा समस्या देखिएमा त्यस्ता सामग्रीहरु के कति मात्रामा आवश्यक हुनेहो सोको लगत लिई भैपरी पुँजिगत भैपरी विविध शिर्षकवाट प्राविधिक लागत अनुमानको परिधि भित्र रहि नियमानुसार खरिद गरी सम्वन्धित वडा कार्यालयहरुको सिफारीसमा गाउँपालिकाको अनुगमन समितिले अनुगमन गरेपछि उपभोक्ता समितिहरुलाई उपलब्ध गराउने कार्य गाउँ कार्यपालिका कार्यालयले मिलाई विधुत लाईन विस्तारलाई निरन्तरता दिने ।

५. यस प्रस्ताव उपर छलफल गर्दा गतः आर्थिक वर्ष गाउँपालिकाले खरिद गरेको २० सेट सोलार लाईटहरु मध्ये ९ वटा वडाहरुमा सो वडा कार्यालयले तोकेको स्थानमा १/१ सेट र वस्तीपुर झो.पु. को दक्षिण तर्फ, ३ नं. वडाको पाल्दमार, सान्नानटार पुलको दक्षिण तर्फ, मनहरी अस्पताल अगाडी, जैसिङ नयाँ पुलको वारी पारी तथा ६ नं. वडाको खयरघारी क्षेत्रमा, सुनाचुरी कर संकलन स्थानमा जडान गर्ने तथा लामिटार सभाहल अगाडी एक थान र सो कार्यमा थप मर्मत खर्च स्थानीय लाभान्वित समुदायहरुवाट लागत सहभागिताको रकमवाट ब्यहोर्ने ब्यवस्था वडा कार्यालयहरुले मिलाउने ।

६. यस प्रस्ताव उपर छलफल गर्दा वडा नं. ३ पाल्दमारमा फलामे घुम्ती शौचालय निर्माण गरी संचालन गर्ने ब्यवस्था वडा कार्यालयले मिलाउने र सो शौचालय निर्माण कार्यका लागि रु.एक लाख गाउँपालिकाको पुँजिगत भैपरी शिर्षकवाट गाउँ कार्यपालिका कार्यालयले नियमानुसार भुक्तानीको ब्यवस्था मिलाउने ।

७. यस प्रस्ताव उपर छलफल गर्दा वडा नं. ८ मा रहेको आईसोलेसन कक्षमा Covid 19 Positive लक्षण देखिएका संक्रमितहरुलाई उपचार गर्ने गरी अस्थायी कोभिड अस्पतालको रुपमा संचालन गर्ने प्रयोजनका लागि नेपाल सरकारवाट प्राप्त निर्देशिका र विनियोजित अनुदान रकम वमोजिम स्वास्थ्यकर्मिको पदपुर्ति र अन्य ब्यवस्थापकिय कार्य संचालन गर्ने विपद् ब्यवस्थापन समितिले समेत सिफारीस गरेको र नेपाल सरकार र प्रदेस सरकारवाट प्राप्त बजेट देहाय अनुसार वाँडफाँड गरी कार्यान्वयनका लागि कार्यालयले अविलम्व आवश्यक प्रवन्ध मिलाउने ।

| संघीय सरकारवाट प्राप्त | | | प्रदेस सरकारवाट प्राप्त | | |
|---|---|---|---|---|---|
| सि.नं. | खर्च शिर्षक | रकम रु. | सि.नं. | खर्च शिर्षक | रकम रु. |
| १ | सर्जिकल सामग्री | ५०००००.०० | १ | सर्जिकल सामग्री | २९७५००.०० |
| २ | कर्मचारी ब्यवस्थापन | ४५००००.०० | २ | आईसोलेसन ब्यवस्थापन | ६०२५००.०० |
| ३ | औषधि ब्यवस्थापन | ५००००.०० | ३ | औषधि ब्यवस्थापन | १०००००.०० |
| | जम्मा | १००००००.०० | | जम्मा | १००००००.०० |



ऋषिराज चौलागाईं
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

Scanned with CamScanner

सम्वन्धी ब्यहोरा जानकारी भयो । उक्त परियोजनाका लागि मनहरी गाउँपालिका सहकार्य गर्न ईच्छुक रहेको र यस पालिका क्षेत्रमा राष्ट्रिय राजमार्गको रुपमा रहेको महेन्द्र राजमागर्गको करिव २३ कि.मि. रहेको र अन्य हुलाकी सहायक मार्गहरु रहेकाले सो स्थानका कुनै उपयुक्त स्थानमा पम्प स्थापना गर्न सकिने भएतापनि स्थलगत रुपमा भौगोलिक र वातावरणिय प्रभाव अध्ययनका लागि निगम संग प्राविधिक खटाईदिन गर्न अनुरोध गर्ने ।

१३.यस प्रस्ताव उपर छलफल गर्दा मनहरी वजार क्षेत्रमा राजमार्ग भई चौविसै धण्टा सवारी साधनको आवतजावत भैरहने हुँदा वजार क्षेत्रमा चोरी र दुर्घटनाको संभावना रहेको र मानिसहरुको अत्याधिक चहलपहल भएकाले समेत सो क्षेत्रमा देखिएको सुरक्षा चुनौतिलाई निगरानीमा राख्न १६ वटा सिसि टिभी क्यामराहरु जडान गरी संचालन भै आएकोमा हाल केहि क्यामराहरु विग्री मर्मत गर्नु पर्ने भनि क्यामरा ब्यवस्थापन समिति र सुरक्षा निकायहरुवाट जानकारी गराएकाले गाउँपालिकाले मर्मतका लागि प्राविधिक लागत अनुमान तयार गरी सो अनुसारको रकम सुरक्षा समन्वय शिर्षकमा विनियोजित रकमवाट नियमानुसार ब्यहोर्ने गरी मरमत कार्य गराउने ।

१४.यस प्रस्ताव उपर छलफल गर्दा गाउँपालिकावाट स्वीकृत नमुना युवा सांसद कार्यक्रम संचालनका लागि रु दुईलाख विनियोजन भएकोमा मनहरी खेलकुद विकास समितिले सहजिकरण प्रस्ताव तयार गरी सो प्रस्ताव कार्यालयले स्वीकृत गरी नियमानुसार संचालनको ब्यवस्था मिलाउने ।

१५.यस प्रस्ताव उपर छलफल गर्दा वडा नं. ३ लामिटारमा रहेको गाउँपालिकाको सभाहलको छानो हालै आएको हावाहुरीका कारण छानो उडाई मर्मत गर्नु परेकाले प्राविधिक शाखावाट तयार भएको रु.८४,३५१.०० मा नवढने गरी कार्य गराई निर्मित सार्वजनिक सम्पत्तीको मर्मत संभार खर्च शिर्षकवाट कार्य मुल्याङकको आधारमा भुक्तानी दिने ब्यवस्था मिलाउने ।

१६.यस प्रस्ताव उपर छलफल गर्दा गाउँसभाको निर्णयानुसार लैङ्गिक समानता तथा समावेशी कार्यक्रम अन्तरगत विनियोजित रु १० लाखवाट अपाङता सरोकार समितिको मिति २०७७-०६-१८ मा वसेको समितिहरुले निर्णय गरी अनुमोदनका लागि पेश गरेका ७ वटा वर्गिकृत कार्यक्रमहरु स्वीकृति र संचालनको सहमति दिने । तोकिएको समयमै कार्यक्रम प्रभावकारी रुफमा संचालनका लागि प्रमुख प्रशासकिय अधिकृतले आवश्यक ब्यवस्था मिलाउने ।

१७.यस प्रस्ताव उपर छलफल गर्दा वडा नं. ४ मा रहेको माथिल्लो मसिने खानेपानी योजना निर्माणका लागि आ.ब. २०७५-०७६ मा ठेक्का सुचना नं. ११ अनुसार निर्माण ब्यवसायी श्री प्रेरक कन्ट्रक्सन एणड प्रिफ्याव होम्स प्रा.लि. संग संझौता भई कार्यादेश दिईएकोमा सो अनुसार काम नगरेको भनि मिति ............... मा वसेको कार्यपालिका बैठका ठेक्का तोडी धरौटि जफत गर्ने प्रस्ताव पेश गरे बमोजिमको कार्य प्रकृया अगाडी बढेकोमा मिति



इन्द्रराज ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

Scanned with CamScanner

२०७७-०५-२० गते निज प्रा.लि.ले पुनः कार्य गर्ने ईच्छा राखी निवेदन दिएको विषयमा यो बैठकमा छलफल हुँदा निर्माण स्थल सम्म जाने वाटो वडा कार्यालय मार्फत निर्माण गरिएको जानकारी प्राप्त भएकाले सो खानेपानी निर्माण कार्य गर्ने विषयमा कार्यालयले सम्वन्धित वडा कार्यालय संग समेत समन्वय गरी निज प्रा.लि. र कार्यालय वीच भएको ठेक्का संझौता अनुसारको कार्य अविलम्व सुरु गर्ने गरी आवश्यक प्रकृया मिलाउने । अन्यथा कार्यालयले नियमानुसार निज प्रा.लि.को ठेक्का तोडी धरौटि जफत गर्ने ।

१८.यस प्रस्ताव उपर छलफल गर्दा विश्व ब्यापी महामारीको रुपमा हाल फैलिरहेको कोरोना भाईरस यस गाउँपालिका क्षेत्रमा समेत अत्याधिक रुपमा समुदाय स्तरमा फैलिसकेको अवस्था छ । कार्यालयमा कार्यरत कर्मचारीहरु ६ जनामा समेत देखिएको र अझै फैलने क्रम वढिरहेकाले यसलाई समयमै सचेतता पुर्वक ब्यवस्थापन नगरीए थप भयावहको रुप लिई कर्मचारी र जनप्रतिनिधिहरुमा समेत संक्रमणले ब्यापकता पाउने संकटापन्न परिस्थिति आएको र यसवाट कार्यालयमा आउने सेवाग्राहीहरुमा समेत संक्रमणको जोखिम वढनसक्ने भएकाले स्वास्थ्य, सरसफाई तथा विपद् ब्यवस्थापन जस्ता अत्यावश्यक सेवा वाहेक भोली मिति २०७७-०६-२५ गते देखि ६ दिन सम्म कार्यालयले प्रदान गर्ने वाह्य सेवा स्थगित गरी कार्यालय भवन निर्मलिकरण गर्ने । कार्यालयले दिने सेवा बन्द भएतापनि आन्तरिक र विधुतिय माध्यमवाट प्रदान गर्न सकिने सेवाहरु सुरक्षित रुपमा वसी प्रदान गर्ने ।

१९.यस प्रस्ताव उपर छलफल गर्दा गाउँपालिकाको प्रमुख आय श्रोतको रुपमा रहेका ढुगा गिट्टि वालुवाको कर संकलन कार्य प्रतिस्प्रधाको रुपमा ठेक्का लगाई गराउनु पर्नेमा हाल वातावरणिय अध्ययनका कारण अमानतमा कर संकलन कार्य भैरहेको छ । यसरी कर संकलन कार्यकालागि मुख्य रुपमा रजैया र सुनाचुरीमा संकलन केन्द्र राखी काम गर्दै आएकोमा चोरी निकासी वढेको र अनुगमन कार्यमा प्रभावकारिता ल्याउनुपर्ने विषयमा यस बैठकमा ब्यापक छलफल भयो ।

सो अनुसार आकस्मिक रुपमा छड्के अनुगमनका लागि वडा नं. ८ का वडा अध्यक्ष श्री दिल बहादुर स्याङतानको संयोजकत्वमा सुरक्षा निकायहरुको सहयोगमा अनुगमन टोली परिचालन गर्ने । यस कार्यका लागि सवै वडाका वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु तथा आवश्यकता अनुसार वडा सदस्यहरु समेत संयोजकले परिचालन गर्ने, अनुगमन टोली संग कर्मचारी र अनुगमन कार्यकालागि सवारी साधन समेत कार्यालयले जुनसुकै समयमा समेत उपलब्ध गराउने । अनुगमनको क्रममा हुने खाना तथा खाजा खर्च अमानतमा कर संकलन गर्ने स्वीकृत कार्ययोजना अनुसार ब्यहोर्ने ब्यवस्था कार्यालयले मिलाउने ।

लोथर क्षेत्रवाट चोरी निकासी वढेको पाईएकाले सो क्षेत्रमा समेत एकजना घुमुवा कर संकलकको ब्यवस्था मिलाउने । मनहरी खोला भई माथिल्लो क्षेत्रमा रहेको खानी क्षेत्रहरुवाट निकासी हुने ढुंगा आदिमा वातावरण शुल्क संकलन गर्नु पर्ने अवस्था देखिएकाले आवश्यकताको आधारमा सो क्षेत्रमा एक जना कर संकलक राख्ने । कर संकलन कार्यको सम्पुर्ण गतिविधिहरु शुष्म रुपले निगरानी गर्न सुराकीको रुपमा



देवराज [illegible]
[illegible] प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

Scanned with CamScanner

एकजनालाई कार्यालयले गोप्य रुपमा खटाउने र सो कार्यका लागि आवश्यक पर्ने ब्यवस्थापकिय खर्च आगामी कार्यपालिका बैठकमा कार्यालयले पेश गर्ने ।

२०.यस प्रस्ताव उपर छलफल गर्दा मनहरी बहुमुखी क्याम्पसको भवन लगायत अन्य पुर्वाधार निर्माण कार्यका लागि जिल्ला समन्वय समिति मार्फत रु. पचास लाख माग गरीएकाले जि.स.स. मौज्दात कोष संचालन निर्देशिका २०७५ को दफा ८ अनुसार लागत सहभागिता मापदण्ड अनुसार गाउँपालिकाले २० प्रतिशत लागत सहभागिता जुटाउनुपर्ने रकमका सम्वन्धमा हाल विनियोजित पाँच लाखमा रु. पाँचलाख भैपरी पुँजिगत शिर्षकवाट थप गरी रु. दसलाख गाउँपालिकाले ब्यहोर्ने प्रतिवद्दता जनाई जि.स.स.मा आवश्यक कागजात सहित संझौताका लागि कार्यालयले प्रकृया अगाडी वढाउने ।

२१.यस प्रस्ताव उपर छलफल गर्दा राजमार्गवाट गाउँ कार्यपालिकाको कार्यालय प्रवेश गर्ने रजैया चोकमा सडक समेत विग्रेको र सो क्षेत्रमा अब्यवस्तित रुपले सार्वजनिक सवारी साधनहर पार्किङ गर्ने गरेका कारण आवगमनमा अवरोध आउने गरेको र दुर्घटनाको जोखिम हुने देखिएकाले आलोपालो गरी निस्कने एउटा मात्र सवारी साधन सडक छेउमा पार्किङ गराउने र अन्य सवारी साधनहरुलाई मन्दिर अगाडीको खाली स्थानमा राख्ने ब्यवस्था मिलाउने । यस कार्यकालागि सुरक्षा निकायको सहयोगमा स्थानीय वासिन्दा, टोल विकास सस्था र सम्वन्धित सवारी ब्यवसायीहरु संग समन्यय गरी कार्य गर्ने।

२२.यस प्रस्ताव उपर छलफल गर्दा स्वीकृत दरवन्दी अनुसार रिक्त रहेका कार्यालयमा रहेका पशु प्राविधिक, स्वास्थ्य प्राविधिकहरु करारमा आवश्यक प्रकृया पुरागरी पदपुर्ति गर्ने । ट्याक्टर हेल्फर मंगल सिं जिम्वा, वीर बहादुर पाठक र वडा नं. ९, ८, ५ मा दैनिक ज्यालादारीमा कार्यरत कार्यालय सहयोगिहरुलाई कार्य सम्पादन र कार्यप्रभावकारीता मुल्याङ्कनका आधारमा पारीश्रमिक सेवा शुल्कमा विनियोजित रकमवाट ब्यहोर्ने गरी कार्यालय सहयोगिहरुको हकमा रु १३,५००.०० र अन्य पदहरुका लागि सुरु तलव स्केल कायम हुने गरी गाउँ कार्यपालिका कार्यालयले मासिक ज्यालादारीमा करार संझौता गराई काम लगाउने ।

२३.यस प्रस्ताव उपर छलफल गर्दा वडा नं. ३ का वडा अध्यक्ष मान वहादुर स्याङताङलाई यस गाउँपालिकाको आर्थिक विकास समितिको संयोजक तोकिएकोमा वहाँको असामयिक निधन भएका कारण सो रिक्त पदमा गाउँ कार्यपालिका सदस्य राधादेवी खकुराल पाठकलाई तोक्ने र सदस्यमा गाउँ कार्यपालिका सदस्य पम्फा रोक्का समेतलाई तोकि कार्य जिमेवारी दिने ।

२४.यस प्रस्ताव उपर छलफल गर्दा यस गाउँपालिकामा नगर प्रहरीको दरवन्दि ५ वटा भएको र गाउँपालिकाको विभिन्न कर संकलन, बजार ब्यवस्थापन, सवारी ब्यवस्थापन र सामान्य सुरक्षा सेवा प्रवाहका लागि नगर प्रहरी अति आवश्यक देखिएकाले छनौटको मापदण्ड तयार गरी कार्यप्रभावकारीता मुल्याङ्कनका आधारमा पारीश्रमिक सेवा शुल्कमा



देवराज चौलागाई
प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

Scanned with CamScanner

विनियोजित रकमवाट ब्यहोर्ने गरी आवश्यक प्रकृया सहित सो ५ जना नगर प्रहरी पदमा मासिक करारमा छनौट कार्य कार्यालयले गर्ने ।

२५.यस प्रस्ताव उपर छलफल गर्दा यस गाउँपालिकको राजमार्ग क्षेत्रवाट हाँडीखोला तर्फ आवतजावत गर्न पर्याप्त स्थानहरुमा पुलको ब्यवस्था नभएकाले आईरहेको चाडवाड र बजार तर्फ सर्वसाधारणहरुलाई आउजाउ गर्न राप्ती मनहरी लगायतका खोला खोल्सीका कारण समस्या पर्ने देखिएकाले हिउँदमा प्रयोग गर्ने र वर्षातको समयमा सम्वन्धित वडा कार्यालयहरुले स्थानीयलाई झिकि सुरक्षित स्थानमा राख्ने ब्यवस्था गर्न लगाउने गरी देहाय अनुसारको सामग्री प्राविधकको लागत अनुमान अनुसार खरिद गर्ने र साँगु निर्माण ड्याम र खानेपानी योजना समेत संचालन गर्ने । सो का लागि आवश्यक रकम विपद ब्यवस्थापन शिर्षकवाट ब्यहोर्ने ।

| सि.नं. | प्रयोग हुने स्थान | कामको विवरण | सामानको विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | रजैया दरदरा वीच राप्ती खोला | ह्युम पाईप हाल्ने | 120mmØNp3 दस जोर | वडा नं. ५ |
| २ | समिलडाँडा वाट बाङ्गेटोल खोल्सी | ह्युम पाईप हाल्ने | 120mmØNp3 दुई जोर | वडा नं. ७ |
| ३ | सिद्दकाली खोला नियन्त्रण | ड्याम मर्मत | ल. ई. रु. ८०३९०.०० | वडा नं. ३ |
| ४ | सुकौरा खोला खानेपानी योजना | खानेपानी योजना | ल. ई. रु. २८६०७०.०० | वडा नं. ३ |
| ५ | सान्ननीटार हाँडिखोला | काठे साँगु | रु.एक लाख | वडा नं. ३ |
| ६ | भुन्दुङ बस्तीपुर | काठे साँगु | रु.एक लाख | वडा नं. ३ |

२६.प्रस्ताव उपर छलफल गर्दा आर्थिक रुपले विपन्न तथा सामाजिक रूपले उत्पीडनमा पारिएको समुदाय केन्द्रित भई गाउँ सभावाट विनियोजित समावेशी वजेट अन्तरगत लक्षित वर्गको जीवनस्तर उत्थानका लागि सामाजिक परिचालको माध्यमवाट शिप विकास, आय आर्जन, सचेतना लगायतका कार्यक्रमहरु संचालनका लागि चालु आर्थिक वर्ष २०७७-०७८ मा काम गर्न ईच्छुक गैर सरकारी संस्थाहरुलाई सुचिकृत गर्नु पर्ने भएकाले छनौटको मापदण्ड वनाई सुचिकृतको सुचना नियमानुसार कार्यालयले प्रकाशन गर्ने ।

२७.प्रस्ताव उपर छलफल गर्दा मनहरी वडा नं. ९ निवासी चन्द्र बहादुर सुनार को १५ वर्षिया छोरी सुनिता सुनार लाई राप्ती खोलाले वगाएर मृत्यु भएकाले निजका वुवालाई काज क्रिया खर्च वापत रु १००००.०० आर्थिक सहयोग गर्ने । मनहरी ५ का शुक्र बहादुर राई फुटवल खेल्ने क्रममा घाईते भई उपचारमा आर्थिक अभावका कारण समस्या आएकाले निजलाई निवेदक विर वहादुर मिजारमार्फत रु. १००००.०० आर्थिक सहयोग गर्ने ।

२८.विविध विषयहरुका सम्वन्धमा देहाय अनुसार गर्ने ।

(९)

एकराज उप्रेती
अध्यक्ष

Scanned with CamScanner

क. सार्वजनिक निर्माणका जिन्सी सामग्रीहरु सार्वजनिक रुपमा प्रयोग गर्ने गरी निर्माण गरीएका भौतिक संरचनाहरुमा सानातिना मर्मत गर्न गाउँपालिकाका प्राविधिक कर्मचारीहरुले स्थलगत रुपमा हेरी तयार गरेको लागत अनुमान अनुसार भैपरी पुँजिगत शिर्षकवाट खर्च ब्यहोरिने गरी उपलब्ध गराउने ।

| सि.नं. | पाउनेको नाम थर | योजनाको नाम | सामानको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | समिर थिङ | डोटे सुकौरा खानेपानी योजनना वडा नं. ३ | 32mm को २०० मिटर पाईप, २००० लि.को पोलेथिन ट्याकी र पानी तान्ने मोटर र २०० मिटर विजुलीको तार | |
| २ | श्याम बहादुर कार्की | सभाहल पुन निर्माण | रु ८४३५०.०० | |
| ३ | सुजन वि.क | विद्धुत मर्मत | ६ थान पोल र आवश्यक तार | |
| ४ | मकरी थोपा सिंचाई योजना वडा नं १ | | पानी तान्ने मोटर एक थान | मौजादवाट |
| ५ | खानेपानी योजना वडा नं. ८ | | पानी तान्ने समर्सियल पम्प | |
| ६ | मनहरी ३ बगौडा मेलडाँडा सिन्चाईकुलो | | प्राविधिक ल.ई. र मुल्याङ्न अनुसार | मर्मतसंभार |

ख. कोभिड १९ रोकथाम र नियन्त्रणका लागि देहाय अनुसार पेश गरेका खर्च रकमहरुका विषयमा छलफल हुँदा सो खर्च रकम मनासिव देखिएकाले प्रकोप ब्यवस्थापन कोषवाट भुक्तानी/ अनुमोदन गर्ने ।

| सि.नं. | भुक्तानी पाउने | विषय | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | शिव कुमार कासी | प्रचार प्रसार खर्च | ३०७००.०० | |
| २ | मदन भण्डारी स्पोर्ट एकेडेमी | रक्तदान कार्यक्रम | १५२२०.०० | |
| ३ | ईन्चार्ज ज्योति लुईटेल | आईसोलेशनमा भएको खर्च | ६५१७५२.०० | ज्यामिरे |
| ४ | आई.टि.आई मिडिया | प्रचार प्रसार खर्च | १८०८०.०० | |
| ५ | शक्ति एफ.एम. | प्रचार प्रसार खर्च | १५०००.०० | |
| ६ | रेड राईजिङ र स्टेट भिजन | प्रचार प्रसार खर्च | १५०००.०० | |
| ७ | उद्व बर्तौला | प्रचार प्रसार खर्च | २८१०००.०० | |
| ८ | गोपिलाल रुम्वा | सरसफाई ब्यवस्थापन खर्च | ५३००.०० | |
| ९ | कुश्मा घिमिरे | क्वारेन्टाईन ब्यवस्थापन खर्च | २३०९००.०० | हाँडिखोला |
| १० | स्वा. सं. टिका अधिकारी | औषधि ब्यवस्थापन खर्च | १११५६००.०० | |
| ११ | स्वा. सं. टिका अधिकारी | एम्वुलेन्स र औषधि ढुवानी खर्च | ४०५००.०० | |

ग. निर्माणका जिन्सी सामग्रीहरु सार्वजनिक रुपमा प्रयोग गर्ने गरी कार्यालयको स्टोर शाखावाट निकासी गरीएको निम्नानुसार सानातिना मर्मत गर्न गाउँपालिकाका प्राविधिक कर्मचारीहरुले स्थलगत रुपमा हेरी तयार गरेको लागत अनुमान अनुसार खरिद गरीएकाले सार्वजनिक पुर्वाधारको मर्मत संभार शिर्षकवाट भुक्तानी दिने ।

| सि.नं. | योजनाको नाम | रकम |
|---|---|---|
| १ | मनहरी ७ तुलसी अधिकारी | १२०००.०० |
| २ | लामिटार विचटोला खानेपानी योजना | १२०००.०० |
| ३ | ट्वेल धारा खानेपानी योजना वडा नं. ३ | १२०००.०० |
| ४ | डिपाट सुन्दरवस्ती खानेपानी योजना मनहरी ६ | १२८२०.०० |
| ५ | सभाहल मर्मत | १६८५९.०० |

उपरोक्त निर्णय सर्वसम्मति रुपमा गर्दै आजको बैठक सम्पन्न भयो ।



देवराज चोलागाईं
प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

Scanned with CamScanner